



## महादेवा गाउँपालिका

# <u>आर्थिक विधेयक, २०८३</u>

### महादेवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### बथनाहा, सप्तरी

### मधेश प्रदेश

प्रस्तावनाः महादेवा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम महादेवा गाउँसभाले यो ऐन बनाएको छ।

१। सङ्क्षिप्त नाम र प्रारम्भः

१। यस ऐनको नाम आर्थिक ऐन, २०८३ रहेको छ।

२। यो ऐन २०८३ साल श्रावण १ गते देखि महादेवा गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२। सम्पत्ति करः गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

३। भूमिकर (मालपोत) गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४। घर जग्गा बहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ।

५। व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार वा सेवामा पुँजीगत लगानी  र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६। जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरे बापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

७। सवारी साधन करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८। विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९। मनोरञ्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०। बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गामा अनुसूची (९) मा  उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

११। पार्किङ्ग शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२। सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संरचना वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३। पर्यटन प्रवेश शुल्कः प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

१४। विविध कर दस्तुरः (१) दफा २ देखि १३ सम्म उल्लेख भए देखि बाहेक अन्य कर वा दस्तुर असुल उपर गर्नु परेमा राजश्व परामर्श समितिले सिफारिस गरे बमोजिम कार्यपालिकाले निर्णय गरी कर दस्तुर वा शुल्क उठाएमा यसै ऐन बमोजिम भए गरेको मानिने छ। यस्ता कर दस्तुर वा शुल्कलाई अनुसूचीमा व्यवस्थित गर्दै लगिने छ।

१५। कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई गाउँकार्यपालिकाको निर्णय बेगर कुनै पनि किसिमको कर छुट दिइने छैन।

१६। कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची १
### (दफा २ सँग सम्बन्धित)
### सम्पत्ति कर

| मूल्याङ्गन रकम रू. | वार्षिक कर रकम रू. | रू. |
|---|---|---|
| १ देखि | २ लाख सम्म | ५०/- |
| २ लाख १ देखि | ४ लाख सम्म | ८०/- |
| ४ लाख १ देखि | ६ लाख सम्म | १००/- |
| ६ लाख १ देखि | ८ लाख सम्म | १२५/- |
| ८ लाख १ देखि | १० लाख सम्म | १५०/- |
| १० लाख १ देखि | १२ लाख ५० हजार सम्म | १७५/- |
| १२ लाख ५० हजार १ देखि | १५ लाख सम्म | २००/- |
| १५ लाख १ देखि | १७ लाख ५९ हजार सम्म | २२५/- |
| १७ लाख ५० हजार १ देखि | २० लाख सम्म | २५०/- |
| २० लाख १ देखि | २२ लाख ५० हजार सम्म | २७५/- |
| २२ लाख ५० हजार १ देखि | २५ लाख सम्म | ३००/- |
| २५ लाख १ देखि | २७ लाख ५० हजार सम्म | ३२५/- |
| २७ लाख ५० हजार १ देखि | ३० लाख सम्म | ३५०/- |
| ३० लाख १ देखि | ३५ लाख सम्म | ३७५/- |
| ३५ लाख १ देखि | ४० लाख सम्म | ४००/- |
| ४० लाख १ देखि | ४५ लाख सम्म | ५००/- |
| ४५ लाख १ देखि | ५० लाख सम्म | १०००/- |
| ५० लाख १ देखि | ६० लाख सम्म | १५००/- |
| ६० लाख १ देखि | ७० लाख सम्म | २०००/- |
| ७० लाख १ देखि | ८० लाख सम्म | २५००/- |
| ८० लाख १ देखि | १ करोड सम्म | ३०००/- |
| १ करोड १ देखि | माथिको मूल्याङ्कन | प्रति हजार रू. १० थप |

## अनुसूची २
### (दफा ३ सँग सम्बन्धित)
### भूमिकर(मालपोत)

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १ | मालपोत कर | कृषि योग्य जग्गा प्रति कठ्ठा रू. १०<br>आवासीय जग्गा प्रति कठ्ठा रू. १५ |
| २. | निजी पोखरी कर | रू १०००।-(प्रतिपोखरी) |

## अनुसूची ३
### (दफा ४ सँग सम्बन्धित)
### घर बहाल कर

| | |
|---|---|
| १. | यस गा.पा. क्षेत्रका घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रूपमा बहालमा दिएकोमा सम्बन्धी धनीबाट बहाल रकमको १० प्रतिशत बहाल कर लिइने छ। |

## अनुसूची ४
### (दफा ५ सँग सम्बन्धित)
### व्यवसाय कर

**१. व्यापारिक वस्तुहरू**

**क.चुरोट तथा रक्सी जन्य पदार्थ, हाडवेयर र ज्वेलर्ससँग सम्बन्धित वस्तुहरूको व्यापार व्यवसाय (मदिरा र कोल्ड ड्रिङ्स सहितको किराना पसल समेत)**

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | १ लाख देखि ५ लाख सम्म | १०००/- |
| २. | ५ लाख देखि १५ लाख सम्म | २०००/- |
| ३. | १५ लाख देखि १ करोड सम्म | ५०००/- |
| ४. | १ करोड देखि ५ करोड सम्म | १००००/- |
| ५. | ५ करोड देखि माथि | २५०००/- |

**ख.क्यामेरा, टेलिभिजन, चस्मा लगायतका विद्युतिय सामाग्री सिडीप्लेयर्स, कम्प्युटर सामाग्री समेतका व्यवसायहरू**

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | ५ लाख सम्म | ५००/- |
| २. | ५ लाख १ देखि २० लाख सम्म | ८००/- |
| ३. | २० लाख १ देखि १ करोड सम्म | १५००/- |
| ४. | १ करोड १ देखि ५ करोड सम्म | ४५००/- |
| ५. | ५ करोड १ देखि माथि | ७०००/- |

**ग. ट्रयाक्टर बिक्री, कार जीप, अटोमोबाइल्स, मोटरपार्टस, मोटरसाईकल, मिल, मेशिनरी आदि।**

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | १ लाख सम्म | ५००/- |
| २. | १ लाख १ देखि ५ लाख सम्म | ८००/- |
| ३. | ५ लाख १ देखि १० लाख सम्म | १३००/- |
| ४. | १० लाख १ देखि २० लाख सम्म | २५००/- |
| ५. | २० करोड १ देखि १ करोड सम्म | ३६००/- |
| ६. | १ करोड १ देखि माथि | ६०००/- |

**घ. किताब, कापी तथा स्टेशनरीसँग सम्बन्धित व्यवसाय (औषधी पसल र किराना व्यवसाय समेतको हकमा)**

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | ५० हजार सम्म | ३००/- |
| २. | ५० हजार१ देखि १ लाख सम्म | ५००/- |
| ३. | १ लाख १ देखि ३ लाख सम्म | ७००/- |
| ४. | ३ लाख १ देखि ५ लाख सम्म | ११००/- |
| ५. | ५ लाख १ देखि २० लाखसम्म | १५००/- |
| ६. | २० लाख १ देखि २५ लाख सम्म | २५००/- |
| ७. | २५ लाख १ देखि माथि | ४५००/- |

ङ. कृषिसँग सम्बन्धित व्यवसायको हकमा (कृषि फर्म, गाई पालन, सुंगुर पालन, बाख्रा पालन व्यवसाय, कृषि सामग्री, औजार, बीउ, गाई दाना, चोकर, कुखुरा दाना, पशुपंक्षी आहार)

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | १ लाख सम्म | ५००/- |
| २. | १ लाख १ देखि ५ लाख सम्म | ८००/- |
| ३. | ५ लाख १ देखि १० लाख सम्म | १३००/- |
| ४. | १० लाख १ देखि २० लाख सम्म | २५००/- |
| ५. | २० करोड १ देखि १ करोड सम्म | ३६००/- |
| ६. | १ करोड १ देखि माथि | ६०००/- |

च. सिसा, फ्रेमिङ्ग, कार्पेट तथा सजावट सामान र जनरल गुड्स आदिः

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | १ लाख सम्म | ५००/- |
| २. | १ लाख १ देखि ५ लाख सम्म | ७००/- |
| ३. | ५ लाख १ देखि १० लाख सम्म | १२००/- |
| ४. | १० लाख १ देखि २० लाख सम्म | २०००/- |
| ५. | २० लाख देखि सम्म | ३०००/- |

छ. सुती कपडा, रेडिमेड कपडा आदि व्यवसायः

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | १ लाख देखि ३ लाख सम्म | ३००/- |
| २. | ३ लाख १ देखि ५ लाख सम्म | ५००/- |
| ३. | ५ लाख १ देखि १५ लाख सम्म | ८००/- |
| ४. | १५ लाख १ देखि ३० लाख सम्म | १२००/- |
| ५. | ३० करोड १ देखि १ करोड सम्म | २५००/- |
| ६. | १ करोड १ देखि ५ करोड सम्म | ४५००/- |
| ७. | ५ करोड देखि माथि | ७०००/- |

२. विशेषज्ञ परामर्श तथा व्यावसायिक सेवाः

क. चिकित्सक, अहेव, कवीराज, होमियोपोथिक, आर्युवेदिक, पशु डाक्टर, भेटनरी, सर्जिकल, लगायत, स्वास्थ्यसँग सम्बन्धित व्यवसायहरू

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | एम.डी. डाक्टर | २०००/- |
| २. | एम.बि.वि.एस., पशु डाक्टर | १०००/- |
| ३. | पशु सहायकलाई | ५००/- |
| ४. | कविराज, होमियोपेथिक, आयुर्वेदिक डाक्टर | १०००/- |
| ५. | औषधि पसल थोकलाई | ३०००/- |
| ६. | सर्जिकल समान खुद्रालाई | १०००/- |
| ७. | सर्जिकल समान थोक | ३०००/- |
| ८. | भिडियो एक्सरे | २०००/- |
| ९. | कविराज, होमियोपेथिक, आयुर्वेदिक, अ.हे.व. | १०००/- |
| १०. | शारीरिक ब्यायाम सामग्री बिक्री | १०००/- |

ख. टेली चलचित्र, वृतचित्र, निर्माण, परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, अनुवादन छापाखाना, प्रेस स्क्रिनर प्रिन्टर्स आदिः

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | १ लाख देखि ३ लाख सम्म | ५००/- |
| २. | ३ लाख १ देखि ५ लाख सम्म | ८००/- |
| ३. | ५ लाख १ देखि १५ लाख सम्म | १५००/- |
| ४. | १५ लाख १ देखि २० लाख सम्म | २५००/- |
| ५. | १ करोड १ देखि ५ करोड सम्म | ४०००/- |
| ६. | ५ करोड १ देखि माथि | ७०००/- |

ग. केवल नेटवर्कः

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | ५०० सम्म ग्राहक भएको | ३०००/- |
| २. | ५०० देखि १००० सम्म ग्राहक भएको | ६०००/- |
| ३. | १००० भन्दा माथि ग्राहक भएको हकमा | प्रति ग्राहक रू. २/- |

घ. कानुन व्यवसायीः

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | श्रेणी क | २०००/- |
| २. | श्रेणी ख | १५००/- |
| ३. | श्रेणी ग | ८००/- |
| ४. | श्रेणी घ | ४००/- |

ङ.लेखा परीक्षकः

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | वरिष्ठ अधिवक्ता | २०००/- |
| २. | अधिवक्ता | १५००/- |
| ३. | अधिवक्ता | १०००/- |
| ४. | लेखा पढी व्यवसाय | ८००/- |

च. घर नक्सा बनाउने ईन्जिनियर कन्सलटेन्सीः

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | व्यवसाय दर्ता/नवीकरण शुल्क | १००००/- |
| २. | कन्सलटेन्सी नवीकरण | १०००/- |

छ.अन्य सेवाहरू वा फर्मः

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | बीमा एजेन्ट स्वदेश विदेश | ३०००/- |
| २. | बीमा एजेन्ट स्वदेशी | २०००/- |
| ३. | विज्ञापन एजेन्ट | २०००/- |
| ४. | शेयर दलाल | ३०००/- |
| ५. | अभिकर्ता | ५००/- |
| ६. | कानुनी फर्म | २०००/- |

ज. निर्माण व्यवसायः

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | श्रेणी क | ७०००/- |
| २. | श्रेणी ख | ६०००/- |
| ३. | श्रेणी ग | ५५००/- |
| ४. | श्रेणी घ | ५०००/- |

**झ. कुटानी पिसानी व्यवसायहरूको हकमाः**

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | कुटानी तथा पिसानी मात्र | ३००/- |
| २. | कुटानी पिसानी पेलानी | ५००/- |
| ३. | कुटानी पिसानी पेलानी चिउरा समेत | १०००/- |
| ४. | कुटानी पिसानी पेलानी चिउरा मसला बेसार | १५००/- |
| ५. | कुटानी पिसानी पेलानी तथा बिक्री वितरण | २०००/- |

**ञ. उत्पादनमूलक उद्योगः**

अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरी मालसामान उत्पादन गर्ने व्यवसाय (जस्तैः खेर गइरहेको प्लाष्टिकबाट सामान निर्माण गर्ने र फोहोरबाट मल निर्माण गर्ने व्यवसायको हकमा व्यवसाय) को लगानी हेरी रू.२०००/- देखि रू.१००००/- सम्म लिइने छ।

**ट. पर्यटन सेवा व्यवसायः** लज, होटेल, फास्टफुड रेष्टुराँ, रिसोर्ट, ट्राभल्स एजेन्सी, स्विमिङ्ग पुल, कन्फ्रेन्स हल आदि।

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | सानो ग्रामीण स्तरको चिया पसल वा ५० हजार सम्म लगानी भएको होटल | ५००/- |
| २. | ५० हजार देखि १ लाख सम्म | १०००/- |
| ३. | १ लाख देखि २ लाख सम्मको | १५००/- |
| ४. | २ लाख देखि ५ लाख सम्मको | २०००/- |
| ५. | ५ लाख देखि २० लाख सम्म | ३०००/- |
| ६. | २० लाख भन्दा बढी | ३५००/- |
| ७. | रिसोर्टहरूको हकमा | ५०००/- |

**ठ. सञ्चार सेवा एफ.एम. समेतः**

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | १ लाख सम्म | १०००/- |
| २. | १ लाख देखि २ लाख ५० हजार सम्म | १५००/- |
| ३. | २ लाख ५० हजार भन्दा माथि | २०००/- |
| ४. | एफ.एम. रेडियो प्रसारण | ४५००/- |

मोबाइल टावर ठूलो रू.१५०००/- (वार्षिक) सानोको हकमा रू.१००००/- ठूलो टावर भन्नाले घरको छतमा राखिएका टावरहरूलाई जनाउने छ भने दुई तल्ले घर सम्मको उचाइ भएका जमिनमा राखिएका टावरहरूलाई समेत ठूलो टावरको रूपमा लिइने छ।

**३.वित्तीय सेवाः**

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | निजी क्षेत्रद्वारा सञ्चालित वाणिज्य बैङ्क, विदेशी बीमा कम्पनी | १००००/- |
| २. | विकास बैंक | ७०००/- |
| ३. | वित्तीय कम्पनीको मुख्य कार्यालय | ५०००/- |
| ४. | बीमा कम्पनी र मनि ट्रान्सफर | ३०००/- |
| ५. | ५० लाख सम्म कारोबार (वासालत) भएका सहकारी | १०००/- |
| ६. | ५० लाख देखि १ करोड कारोबार (वासलात) भएका सहकारी | १०००/- |
| ७. | १ करोड देखि ३ करोड सम्म (वासलात) भएका सहकारी | १२००/- |
| ८. | ३ करोड देखि ५ करोड सम्म (वासलात) भएका सहकारी | १५००/- |
| ९. | ५ करोड भन्दा माथि (वासलात) भएका सहकारी | २०००/- |

बचत तथा ऋणको कारोबार नगरी पूर्णत कृषिमा आधारित सहकारीका हकमा वार्षिक शुल्क लिइने छैन। माथि उल्लेखित सहकारीहरूको सम्बन्धमा कुनै सिफारिस गर्नु पर्ने भएमा प्रति सहकारी रू.१०००/- लाग्नेछ।

**४.स्वास्थ्य सेवाः**

गैर सरकारी अस्पताल, नर्सिङ्ग होम, क्लिनिक तथा ल्याबहरू लगायत स्वास्थ्य सेवासँग सम्बन्धित व्यवसायहरू

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | ५ लाख सम्मको लागि | १०००/- |
| २. | ५ लाख देखि २० लाख सम्म | २५००/- |
| ३. | २० लाख देखि १ करोड सम्म | ४०००/- |
| ४. | १ करोड देखि ५ करोड सम्म | ६०००/- |
| ५. | ५ करोड देखि माथि | ७५००/- |

**५. तालिम तथा प्रशिक्षण केन्द्रहरू**

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | तालिम तथा अनुसन्धान, कम्प्युटर टाइपिङ्ग लगायत फोटोकपी समेत सञ्चालन भई काम गर्नेहरूको हकमा, कम्प्युटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्रबाट दिइने शिक्षा सेवा तथा कोचिङ्ग सेन्टर आदि | १०००/- |

**६.मर्मत सेवाः**

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | ट्याक्टर, बस, ट्रक, हेवी इक्युवमेन्टल, कार, जीप, सवारी डेन्टिङ्ग मोटर पार्टस, मिलमेशनरी, एयरकुलर, टायर रिसोलिङ्ग, डाईनामाइट | १०००/- |
| २. | मोटरसाईकल, ई-साईकल | ७००/- |
| ३. | रेडियो, घडी र टिभी आदि इलेक्ट्रोनिक्स सामान | ५००/- |
| ४. | ग्याँस चुल्हो सेल्स, गाडीको पम्प, टायरट्युब पम्चर, ग्याँस वल्डिङ्ग, बक्सा मर्मत गर्ने, साइकल, रिक्सा, लुगा सिउने मेशिन अन्य बक्सा मर्मत गर्ने, साइकल, रिक्सा, लुगा सिलाउने मेशिन अन्य फोटोकपी, ब्याग | ४००/- |

**७. अन्य सेवाः**

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | वैदेशिक रोजगारीमा पठाउने संस्था, हाउजिङ कम्पनी | ३०००/- |
| २. | उद्योग संघ संस्था आदिमा स्वदेशी जनशक्ति सप्लाई गर्ने फर्म, कम्पनी आदि | १५००/- |
| ३. | कलर ल्याब | १०००/- |
| ४. | घरजग्गा खरिद बिक्री | ५०००/- |
| ५. | विज्ञापन सेवा, फोटो स्टुडियो | १०००/- |
| ६. | ब्युटी पार्लर, केश श्रृङ्गार, साइनबोर्ड, पेन्टिङ सैलुन, नर्सरी | ५००/- |
| ७. | मासु (खसी, कुखुरा, राँगा, बंगुर आदि) खुद्रा बिक्रेता | ६००/- |
| ८. | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) थोक बिक्रेता | १५००/- |

| | | |
|---|---|---|
| ९. | पंचेबाजा | निःशुल्क |
| १०. | बैण्ड बाजा | १०००/- |
| ११. | शीत भण्डार | ३५००/- |
| १२. | टेण्ट हाउस | १०००/- |
| १३. | हाफ क्याटरिङ्ग | १०००/- |
| १४. | साईबर क्याफे | १५००/- |
| १५. | एग्रोभेट | ८००/- |
| १६. | कवाडी पसल थोक | ३५००/- |
| १७. | कवाडी पसल खुद्रा | २०००/- |
| १८. | ढुवानी सेवा शाखा भएका | २५००/- |
| १९. | ढुवानी सेवा शाखा नभएका | १५००/- |
| २०. | खाना मात्र बिक्री होटल | १०००/- |
| २१. | सेटरिङ्ग, केटरिङ्ग व्यवसाय | २०००/- |
| २२. | १ मेसिन राखी कपडा सिलाई गर्ने रू. ३००/- | थप १ मेशिन बराबर रू. १००/- |
| २३. | खाद्यान्न सम्बन्धी काँटा व्यवसाय | १५००/- |
| २४. | पेट्रोल पम्प | न्युनतम रू. ७०००/- प्रति मेसिन थप रू. २०००/- |
| २५. | ग्याँस बिक्री डिलर | १०००/- |
| २६. | भाडा वर्तन, जुत्ता चप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृत्रिम गहना, फेन्सी समेत खुद्रा बिक्रेता | १०००/- |
| २७. | भाडा वर्तन , जुत्ता चप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृत्रिम गहना, फेन्सी समेत थोक बिक्रेता | २०००/- |
| २८. | डिपार्टमेन्ट स्टोर रेष्टुरेन्ट बेकरी सहितको | १००००/- |
| २९. | डिपार्टमेन्ट स्टोर | ५०००/- |

८. उद्योगः

चक उद्योग, दाना, फिनेल उद्योग, निर उद्योग, औषधी उद्योग, उत्पादनमूलक उद्योगको डिपो, सौर्य उर्जा उत्पादन, मिश्री, चकलेट उद्योग, पापड चिप्स उद्योग, पाउरोटी उद्योग, बरफ उत्पादन, झुल तथा पर्दा उत्पादन तार जाली उत्पादन गर्ने, नानोकन उद्योग, काष्ठ उद्योग, डेरी उत्पादन, डोरी, डब्बा, बाल्टिन आदि बनाउने उद्योग, निर्माण उद्योग, खनिज उद्योग, सेलर तथा उर्जामूलक उद्योग लगायतका उद्योगहरूको हकमा

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | ३ लाख सम्म | ५००/- |
| २. | ३ लाख १ देखि ५ लाख सम्म | १०००/- |
| ३. | ५ लाख १ देखि १० लाख सम्म | १५००/- |
| ४. | १० लाख १ देखि २० लाख सम्म | २०००/- |
| ५. | २० लाख १ देखि १ करोड सम्म | ५०००/- |
| ६. | १ करोड देखि ५ करोड सम्म | १५०००/- |
| ७. | ५ करोड देखि माथि | ३५०००/- |

९. ग्रिल उद्योगः

| सि.नं. | विवरण | |
|---|---|---|
| १. | १ लाख देखि २ लाख सम्म | ७००/- |
| २. | २ लाख देखि ३ लाख सम्म | १०००/- |
| ३. | ३ लाख देखि ५ लाख सम्म | १५००/- |
| ४. | ५ लाख देखि १० लाख सम्म | २०००/- |
| ५. | १० लाख देखि २० लाख सम्म | ३५००/- |
| ६. | २० लाख देखि १ करोड सम्म | ५५००/- |

१०. अन्य वर्गीकरण खुलेका व्यवसायः

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १. | आलु, प्याज, हरियो तरकारी, फलफूल थोक बिक्री | १०००/- |
| २. | खुद्रा तरकारी, फलफूल, पान पसल | ६००/- |

**नोटः**

क) माथि उल्लेखित किसिम र शीर्षकमा नपरेका व्यवसाय र उद्योग दर्ता हुन आएमा व्यवसाय र उद्योगको किसिम हेरी माथि लेखिए बमोजिमको कर दरमा नघट्ने गरी वार्षिक कर लिई व्यवसाय प्रमाणपत्र दिइने छ।

ख) गाउँपालिकामा दर्ता भई सञ्चालनमा आएका फर्म, पसल उद्योग आदिलाई बन्द गर्नु पर्दा आवश्यकता अनुसार निरीक्षण गरी विगत वर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरी सोको विवरण छुट्टै फायल खडा गरी अद्यावधिक गरी राखिने छ।

ग) व्यावसायिक फर्म नामसारी गर्दा रू.५००/- राजश्व लिई नामसारी गरिने छ।

घ) गाउँपालिकालाई आवश्यक परेमा व्यवसायको किसिम निर्धारण गर्ने सन्दर्भमा निजको व्यवसायको कारोबारको आन्तरिक राजश्व कार्यालय बाट कारोबार प्रमाणित विवरण माग गर्न सकिने छ। साथै गाउँपालिकाले तोकेको कर्मचारीबाट निरीक्षण गरी प्रतिवेदनका आधारमा कर तय गरिने छ।

ङ) गाउँपालिकालाई बुझाउनु पर्ने राजश्व, शुल्क दै-दस्तुर नबुझाएमा गाउँपालिकाबाट प्रदान गरिने सिफारिस लगायतका सबै प्रकारका सेवा रोक्का गर्न सकिनेछ।

च) अन्य बाँकी करहरूका हकमा ऐन तथा नियमावलीमा तोकिएको परिधि भित्र रही गाउँपालिकाले तोके बमोजिम हुनेछ, जुन सामान्यता कारोबारको स्तर हेरी वार्षिक रू.१००/- देखि रू.५०००/- सम्म हुनेछ। बक्यौता व्यवसाय करमा १० प्रतिशत दण्ड जरिवाना तोकिएको छ।

## ११. दैनिक गुद्री/हाटबजार/साप्ताहिक हाटबजार (व्यवसाय) करः

गाउँपालिका आफ्नो क्षेत्र भित्र लाग्ने दैनिक गुद्री/हाटबजार/साप्ताहिक हाटबजारमा अस्थायी हाटबजार र घुम्ती पसल आदिमा प्रतिदिन देहायका दरले कर लाग्नेछ।

| सि.नं. | विषय | विवरण | रू. |
|---|---|---|---|
| १. | माछा,मासु बिक्री सम्बन्धी | खसि बोका काटी बिक्री गर्ने पसलमा प्रति गोटा | ४०/- |
| | | सुगुर बंगुर काटी बिक्री गर्ने पसलमा प्रति गोटा | १००/- |
| | | राँगा काटी बिक्री गर्ने पसलमा प्रति गोटा | १००/- |
| | | माछा बिक्री गर्ने पसल | ४०/- |
| | | माछा बिक्री गर्ने सानो टोकरी | ३०/- |
| | | परेवा | १०/- |
| | | हाँस, लोकर, बोईलर कुखुरा पसल | ४०/- |

| | | | |
|---|---|---|---|
| २. | **कपडा तथा जुत्ता चप्पल सँग सम्बन्धित व्यवसाय** | रेडिमेड सामान र थान कपडा बिक्री गर्ने पसल सानो | १५/- |
| | | रेडिमेड सामान र थान कपडा बिक्री गर्ने पसल ठूलो | ३०/- |
| | | जुत्ता चप्पल बिक्री गर्ने पसल ठूलो | २५/- |
| | | जुत्ता चप्पल बिक्री गर्ने पसल सानो | २०/- |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोची | १०/- |
| ३. | **तरकारी तथा फलफूलसँग सम्बन्धित व्यवसाय** | फलफूल, नस्ता ठेलामा राखी बिक्री गर्ने | २०/- |
| | | साग सब्जी डोकोमा वा डालोमा ल्याई | १०/- |
| | | भारमा सब्जी ल्याई बेच्ने | १०/- |
| | | सिजन अनुसारको साग सब्जी आलु पसल ठूलोमा | २५/- |
| | | सिजन अनुसारको साग सब्जी आलु पसल सानो | २०/- |
| | | फलफुल सागसब्जी प्रति बयलगाडा | २०/- |
| | | फलफुल सागसब्जी प्रतिबोरा अन्य साना फलफुल प्रत्येक पसल | २५/- |
| | | पान पसल | १५/- |
| ४. | **खाद्यान्नसँग सम्बन्धित** | चामल, दाल, अदुवा, लसुन, खुर्सानी आदि बिक्री गर्ने पसल | १५/- |
| | | मकै पोली बेच्ने | ५/- |
| | | किराना पसल | १०/- |
| | | माछा, मासु, तरकारी बिक्री गर्ने | २०/- |
| | | मिठाई पसल | १०/- |
| ५. | **परम्परागत सीपसँग सम्बन्धित व्यवसाय** | माटाको भाँडा बेच्ने पसल ठूलो | १५/- |
| | | माटाको भाँडा बेच्ने पसल साना | १०/- |
| | | कुचो, कुनिया, नालो बेच्ने | १०/- |
| | | जडीबुटी बिक्री गर्ने कपाल काट्नेलाई | १०/- |

१२. यस गाउँपालिका क्षेत्र भित्र लाग्ने दैनिक गुद्री/हाटबजार/सप्ताहिक हाटबजारमा, अस्थायी हाटबजार र घुम्ती पसलमा प्रतिदिन देहायका दरले कर लाग्नेछ।

| सि.नं. | विवरण | कर | कैफियत |
|---|---|---|---|
| १. | जिउँदो खसी, बोका, राँगा, सुँगुर बेच्नेलाई प्रतिगोटा | ८०/- | एउटा मात्र हाँस, परेवा, कुखुरा बेच्नेलाई कर लाग्ने छैन। |
| | हाँस, परेवा, कुखुरा बेच्नेलाई | १०/- | |
| २. | चुरा, धागो, टीका श्रृङ्गार मनिहारासँग सम्बन्धित | १५/- | |
| | सुरली, उड्डुस, बाँसुरी, गुलेली, थैली, जुम्रा, मार्ने औषधि बेच्ने | छुट | |
| ३. | खेल तमासा खेलाउनेलाई | २५/- | |
| | प्रचार प्रसार गरी व्यवसाय गर्ने | २०/- | |
| | बाँस प्रति बयल गाडी | ३०/- | |
| | बाँस प्रति प्रति ट्रक | २००/- | |
| | खटियामा सामान राखी बेन्चे | ५/- | |
| | फलामको औजार तथा सामान बेच्ने | १०/- | |
| | भाँडाकुँडा पसल | १५/- | |
| | फोटो फ्रेमिङ्ग | ५/- | |
| | मर्मत (कुकर, लाईट,छाता) बेच्नेलाई | १०/- | |

## अनुसूची ५
## (दफा ६ सँग सम्बन्धित)
## जडीबुटी, कवाडी र जीवजन्तु कर

| सि.नं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| **जडिबुटी र जीवजन्तुको व्यवसाय गर्ने देहाय बमोजिमको व्यवसायहरू** | | | |
| | ५ लाख सम्म पुंजी भएको | ५००/- | |
| | २५ लाख सम्म पुंजी भएको | १०००/- | |
| | २५ लाख भन्दा बढी | २०००/- | |
| **कवाडी कर** | | | |
| १. | फलाम प्रति के.जी. | १ | |
| २. | खाली सिसी (सबै खाले) प्रति बोतल | ०.१० | |
| ३. | प्लाष्टिक प्रति केजी | ०.५० | |
| ४. | कागज कार्टुन प्रति केजी | ०.५० | |
| ५. | पुरानो टायर, ट्युब प्रति गोटा | ०.५० | |
| ६. | पुराना साइकल | १ | |

## अनुसूची ६
## दफा ७ सँग सम्बन्धित

**१. सवारी दर्ता तथा वार्षिक सवारी कर**

| सि.नं. | सवारीको किसिम | दर |
|---|---|---|
| १. | बस, ट्रक र अन्य हेभी गाडी | १०००/- |
| २. | भाडाको कार जीप | १०००/- |
| ३. | भाडाको मिनी बस र ट्रक | १०००/- |
| ४. | जिप, कार, मिनी बस, मिनी ट्रक र पिकअप (रातो नम्बर प्लेट) | १०००/- |
| ५. | मोटर साइकल स्कुटरलाई वार्षिक | ५०/- |
| ६. | अन्य सवारी साधनहरू | १००/- |

**नोटः** महादेवा गाउँपालिका क्षेत्रमा स्थायी बमोबास नागरिकहरूको हकमा मात्र वार्षिक सवारी साधन कर लिइने छ भन्ने अन्यका हकमा पटके सवारी साधानकर लिइने छ।

## २. ई-रिक्सा दर्ता नवीकरण तथा नामसारी दस्तुरः

| सि.नं. | सवारीको किसिम | दर |
|---|---|---|
| १. | सवारी सडक सुधार कर | १००००/- |
| २. | दर्ता शुल्क | १४००/- |
| ३. | नवीकरण दस्तुर (९० दिन सम्म) | ५००/- |
| ४. | नामसारी दस्तुर | ८००/- |
| ५. | अग्रीम आयकर | २०००/- |
| ६. | जरीवना विलम्ब दस्तुरः | |
| | क। पहिलो ९० दिन पछि २ महिना सम्म | ५ प्रतिशत |
| | ख। दोश्रो दुई महिना सम्म | १० प्रतिशत |
| | ग। तेश्रो दुई महिना सम्म | १५ प्रतिशत |
| | घ। त्यसपछि १ वर्ष सम्म | २० प्रतिशत |
| | ङ। १ वर्ष भन्दा माथि | २५ प्रतिशत |

## ३. गाउँपालिकाले लगाउने पटके सवारी करः

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १. | निजी तथा भाडाका बस, ट्रक, टयाङ्कर, लहरीमा प्रति पटक | १५/- |
| २. | निजी तथा भाडाका कार, जीप, भेन प्रतिपटक | १५/- |
| ३. | विदेशी नं. प्लेट भएका १ नं. बमोजिमका सवारी साधनको | २०/- |
| ४. | विदेशी नं. प्लेट नं. भएका २ नं. बमोजिम सवारी साधनको | १५/- |

**नोटः** सरकारी गाडीहरू, कुटनैतिक नियोगका गाडीहरू दमकल एम्बुलेन्समा पटके सवारी लिन नपाइने साथै महादेवा गाउँपालिकामा दर्ता नभएका रिक्साहरूको हकमा प्रति दिन रू. १५/- पटके सवारी कर लिइनेछ।

**सवारी साधन कर**

| क्र.सं. | सवारीको किसिम | पटके |
|---|---|---|
| १. | भाडाका बस, ट्रक, लहरी, क्रेन, रोलर, डम्फर, बुल्डोजर, ग्रेडर, ट्रिपर, पिनगन | २० |
| २. | निजी बस, ट्रक, लहरी, क्रेन, रोलर, डम्फर, बुल्डोजर, ग्रेडर, ट्रिपर आदि | ३० |
| ३. | भाडाका मिनिट्रक, मिनिबस | २० |
| ४. | भाडा तथा निजीका जीप, भ्यान | १५ |
| ५. | भाडा तथा निजी टेम्पो, अटोरिक्सा, मैजिक, माइक्रो भ्यान | १५ |
| ६. | निजी तथा भाडाको कार | १० |

| तपसिलमा उल्लेखित निर्माण सामग्रीहरूको व्यापार गर्न यस गा.पा.मा व्यवसाय कर तरी व्यवसाय दर्ता नगरेकाहरूको हकमा मात्र लागू हुने गरी | | |
|---|---|---|
| १. | बालुवा गिट्टी, ढुङ्गा (प्रति २०० क्यु.फि.) को पटके पिच्छे | ३० |
| २. | बालुवा, गिट्टी, ढुङ्गा प्रति बयलगाडी पटके | १० |
| ३. | ईंट्टा प्रति हजार | ५० |
| ४. | माटो प्रति ट्रक | ४० |
| ५. | माटो प्रति ट्रयाक्टर | २० |

**नोटः वार्षिक सवारी कर तिरेकाहरूले पटके सवारी कर तिर्नु पर्ने छैन।।**

| | | |
|---|---|---|
| सवारी साधन कर | भाडाका टेम्पो | नेपाल सरकारद्वारा तोकिए बमोजिम |
| | ई रिक्सा | नेपाल सरकारद्वारा तोकिए बमोजिम |
| | ठेलागाडा, रिक्सा | नेपाल सरकारद्वारा तोकिए बमोजिम |
| | ट्रयाक्टर, भ्यान, माइक्रो | रू.१००० |

सवारी तथा सञ्चालन ईजाजत दस्तुरः

- गाउँपालिका क्षेत्रमा ठेला, रिक्सा, टाँगा दर्ता गरी नम्बर दिए बापत लिने शुल्क रू.३००
- ई रिक्साः नेपाल सरकारद्वारा तोकिए बमोजिम
- टेम्पोः नेपाल सरकारद्वारा तोकिए बमोजिम

**अनुसूची ७**

**दफा ८ सँग सम्बन्धित**

**विज्ञापन कर**

| **सि.नं.** | **विवरण** | **रू.** |
|---|---|---|
| १. | होडिङ्ग बोर्ड प्रति वर्ग फिट | ७५/- |
| २. | सब बोर्ड प्रति वर्ग फिट | ४०/- |
| ३. | ग्लोसाईन बोर्ड प्रति वर्ग फिट | ९०/- |
| ४. | वेनर प्रति गोटा प्रति हप्ता | ७५/- |
| ५. | पोल बोर्ड प्रति गोटा प्रति वर्ष | १०००/- |
| ६. | डिजिटल बोर्ड प्रति गोटा प्रति वर्ष | २००/- |
| ७. | माथि उल्लेखित प्रकार बाहेकका हकमा प्रति वर्ष फिट | ५०/- |

## अनुसूची ८
## दफा ९ सँग सम्बन्धित
## मनोरञ्जन कर

१। महादेवा गाउँपालिका क्षेत्रभित्र संचालित सिनेमा हलहरूमा कूल सिट संख्याको ३५ प्रतिशत सिटलाई पूरा सिट संख्या मानी प्रत्येक टिकटमा लाग्ने प्रवेश शुल्कको २ प्रतिशत हुने रकम मनोरञ्जन कर बापत असुल उपर गर्न सकिने छ। माथि उल्लेखित भए बमोजिम प्रति टिकटमा मनोरञ्जन कर लिइने व्यवस्था नभए सम्मका लागि वार्षिक रू.७०००/- मनोरञ्जन करको रूपमा कर रकम लिइनेछ

२। सांस्कृतिक प्रदर्शन हाल, नाच, घर, दोहोरी संगित तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनीमा प्रवेश शुल्कमा दुई प्रतिशत मनोरञ्जन कर लाग्नेछ।

३। जादु, सर्कस, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर बापत अनुमानितका लागि गरिने सिफारिसका दस्तुरका अतिरिक्त प्रत्येक दिन रू.२००/- लिइने छ।

## अनुसूची ९
## (दफा १० सँग सम्बन्धित)
## बहाल विटौरी शुल्क

क। महादेवा गाउँपालिका वडा नं. १ र ५ को सभाहलको प्रति दिन रू.१०००/-

ख। प्रोजेक्टर भाडा प्रति दिन रू.५००/-

ग। माथि उल्लेखित संरचनाहरू बाहेक गाउँपालिका भित्र निर्माण भएका अन्य सार्वजनिक भवन टहरा लगायतका संरचनाहरूको भाडा गाउँ कार्यपालिकाले निर्णयबाट तोके बमोजिम लिने छ।

घ। गाउँपालिकाको सटर भाडा वा सो सरह अन्य प्रकृतिको घर वा जग्गा भए

- पक्की सटर पुरानो भवन प्रति वर्ग फिट (२०७३/७४ सम्म निर्मित) रू.२०
- नयाँ पक्की सटर प्रति वर्ग फिट रू.२५
- टिनको छानो भएको सटर वा घर प्रति वर्ग फिट (व्यवसायीको लागि) रू.१५
- टिनको छानो भएको घर प्रति घर रू.१२००

| | |
|---|---|
| बहाल बिटौरी कर | माथि उल्लेखित दरमा नघट्ने गरी गाउँपालिका क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार, पसल, हल, सामुदायिक भवन, जग्गा वा अन्य कुनै पनि किसिमको सम्पत्ति/व्यावसायिक भवन प्रयोगमा ल्याइएकोमा प्रतिस्पर्धाको आधारमा हुन आउने अधिकतम रकम बहाल बिटौरी करको रूपमा लगाउन उपयुक्त हुने। |

## अनुसूची १०
## (दफा ११ सँग सम्बन्धित)
## पार्किङ्ग शुल्क

| सि.नं. | विवरण | करको दर प्रति दिन रू. | | कैफियत |
|---|---|---|---|---|
| | | स्वदेशीको हकमा | विदेशीको हकमा | |
| १. | बस, ट्रक, हेभी गाडी | १५/- | ३०/- | |
| २. | माइक्रो, मिनी बस, मिनी ट्रक | १०/- | २५/- | |
| ३. | ट्र्याक्टर, जीप, कार, भेन | १०/- | २०/- | |
| ४. | अटो रिक्सा, इ-रिक्सा, टेम्पो | ५/- | १०/- | |

**नोटः सवारी पार्किङ्ग स्थान गाउँपालिकाले तोके बमोजिम हुनेछ।**

## अनुसूची-११
## (दफा १२ सँग सम्बन्धित)
## सेवा शुल्क दस्तुर

सिफारिस दस्तुर

| क्र.सं. | विवरण | दर रू. | कैफियत |
|---|---|---|---|
| १ | मोही नामसारी सिफारिस दस्तुर | २०० | एक कठ्ठा भन्दा माथि भए प्रति कठ्ठा थप रू.१० लाग्नेछ |
| २ | नागरिकता प्रमाणपत्र तथा प्रतिलिपिको सिफारिस | १०० | |
| ३ | सर्जमिन | २०० | सबै प्रकारका |
| ४ | जग्गा नामसारी सिफारिस | २०० | एक कठ्ठा भन्दा माथि भए प्रति कठ्ठा थप रू.१० लाग्नेछ |
| ५ | नाता प्रमाणित दस्तुत | १०० | |
| ६ | चरित्र प्रमाणित सिफारिस | १०० | |
| ७ | नाम, थर, ठेगाना, जन्म मिति आदि सच्याउने सिफारिस | १०० | |
| ८ | स्थायी/अस्थायी बसोबास सिफारिस | १०० | |
| ९ | घर प्रमाणित पक्की घरको | २०० | |
| १० | कच्ची घरको | १०० | |
| ११ | जन्म, विवाह, मृत्यु प्रमाणित | १०० | |
| १२ | टेलिफोन जडान सिफारिस | १०० | |
| १३ | घर मिटर/विद्युत जडान सिफारिस | १०० | |
| १४ | विद्युत मिटर नामसारी सिफारिस | १०० | कृषि मिटर सिफारिस निःशुल्क |
| १५ | समूह वा संस्था दर्ता सिफारिस | २०० | |
| १६ | सहुलियत काठको सिफारिस | १०० | |
| १७ | नम्बरी जग्गाको रूख काट्ने प्रति गोटा सिफारिस | ५० | |
| १८ | काठ, दाउरा ढुवानी सिफारिस प्रति गोटा | ५० | |
| १९ | मोही लगत कट्टाको सिफारिस | २०० | एक कठ्ठामाथि प्रतिकठ्ठा थप रू.१० |
| २० | घर सारी पाऊँ सिफारिस | ५०० | |
| २१ | पेन्सन पट्टाको सिफारिस | ३०० | अन्य देशको रू.५०० |
| २२ | जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि सिफारिस | २०० | |
| २३ | जग्गाधनी प्रमाणपुर्जाको नाम, थर, ठेगाना सच्याउने सिफारिस | २०० | |
| २४ | जग्गा वर्गीकरण सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| २५ | अङ्ग्रेजी सिफारिस | ५०० | |
| २६ | अपुतालीको सिफारिस | | |
| | (क) नेपालीको लागि | ५०० | |
| | (ख) विदेशीको लागि | १००० | |
| २७ | चार किल्ला प्रमाणित | १०० | बाँकी थप प्रति कित्तामा रू.१० थप दस्तुर लाग्नेछ। |
| २८ | जग्गा मूल्याङ्कन समेत सिफारिस | | |
| | (क) रू.५०,००० सम्मको | १०० | |
| | (ख) रू.५०,००० भन्दा माथि रू.१,००,००० सम्मलाई | २०० | सो भन्दा माथि भए प्रति एक लाखमा रू.५० थप |
| | (ग) नापी कार्यालय प्रयोजन सिफारिस (फिल्डबुक, नक्सा आदि) | १०० | |
| २९ | मेला, सर्कस अनुमति सिफारिस | ५००० | |
| ३० | घर मूल्याङ्कन सिफारिस | रू.१ प्रति हजारमा | सर्जमिन मुचुल्लका अनिवार्य |
| ३१ | घरेलु उद्योग दर्ता सिफारिस | ५०० | |
| ३२ | अन्य उद्योग दर्ता सिफारिस | १००० | |
| ३३ | खानेपानी जडान सिफारिस | १००० | |
| ३४ | उद्योग व्यवसाय बन्द गर्ने सिफारिस | ५०० | |
| ३५ | चौपाया निकासा पैठारी | ३०० | |
| ३६ | चौपाया बिकी नामाको सिफारीस | ३००। | |
| ३७ | अन्य सिफारीस | २००। | |
| ३८ | वार्षिक आम्दानी प्रमाणित | रु.१। | प्रति हजारका दरले |
| ३९ | **निजी विद्यालय दर्ता सिफारिस** | | |
| | (क) प्रा.वि. | १०००। | |
| | (ख) नि.मा.बि. | १५००। | |
| | (ग) मा.बि. | २०००। | |
| | (घ) उच्च मा.बि. | ३०००। | |
| | (ङ) क्याम्पस | ५०००। | |
| | (च) विद्यालय स्तर बृद्धि गर्दा कक्षा मात्र थप (अपग्रेड) सिफारिस | २०००। | |
| | (छ) प्राविधिक शिक्षण संस्था सिफारिस | ३०००। | |
| | झ) पुर्व प्रा.वि.को स्वीकृती दस्तुर | २५००। | |
| ४० | पारिवारिक विवरण सिफारिस | २००। | |
| ४१ | बाटो प्रमाणित सिफारीस | २००। | |
| ४२ | घर बाटो सिफारीस | २००। | • |

| | | | |
|---|---|---|---|
| ४३ | निर्माण सामाग्री डिलर सिप सिफारिस | १०००। | |
| ४४ | उद्योग ठाउसारी सिफारिस | १०००। | |
| ४५ | डिलर सीप सिफारिस | १०००। | |
| ४६ | नक्कल (प्रतिलिपी) दस्तुर | २००। | |
| ४७ | सम्पन्नता प्रमाणित गर्ने | रु ५०० | • |
| ४८ | आगलागी तथा अन्य राहतको सिफारिस | | • |
| ४९ | आर्थिक सहायता सिफारिस | | |
| ५० | ज्येष्ठ नागरिक र सुत्केरी महिला सहायता सिफारिस | | |
| ५१ | सामाजिक सुरक्षा भत्ताको लागि सिफारिस | | |
| ५२ | बीमा प्रयोजन सिफारिस | | |
| ५३ | • मिलापत्र दस्तुर | निःशुल्क | |
| ५४ | स्वास्थ्यउपचारको सिफारिस (सःशुल्क) | | |
| ५५ | स्वास्थ्यउपचारको सिफारिस(निःशुल्क) | | |
| ५६ | ज्येष्ठ नागरिक/एकलमहिला प्रमाणित | | |
| ५७ | पलन पोषणका लागि सिफारिस गर्ने | | |
| ५८ | अपांगताभएको सिफारिस | | |
| ५९ | कोर्ट फि मिनाहा सिफारिस | | |
| ६० | विपन्नता प्रमाणित गर्ने | | • |
| ६१ | संघसंस्था दर्ता तथा नवीकरण सिफारिस | रू.५०० । | |

# दर्ता

| क.सं | **दर्ता** | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | घटना दर्ता ( जन्म, मृत्यु, वसाइँसराइ, सम्बन्ध विच्छेद र विवाह) | नियमानुसार | ३५ दिनभित्रदर्ता भए नि:शुल्क अन्यथा |
| २ | साधारण निवेदन दस्तुर | नि:शुल्क | |
| ३ | उजुरी दर्ता तथा मुद्धा दस्तुर | रु. १०० | |
| ४ | संस्थादर्ता | रु.१००० | सामाजिक संस्थादर्ता |
| | | रु.२००० | गैरसरकारी संस्थादर्ता |
| | | रु.५००० | अन्तराष्ट्रि गैर सरकारी संस्थादर्ता |
| ५ | शिक्षा सेवा निजी | | |
| | क्याम्पस | रू.१०,००० | |
| | माध्यमिक विद्यालय | रू.७००० | |
| | आधारभुत | रू.५००० | |
| | छात्र/छात्रावास | रू.२००० | |
| | पूर्व प्राथमिक विद्यालय | रू.२००० | |
| | मन्टेश्वरी | रू.२००० | |
| | ट्युसन सेन्टर | रू.२००० | |
| ६ | निजि वन दर्ता शुल्क | रू.१०००। | |

## विविध दस्तुर

| | | | |
|---|---|---|---|
| १ | सेफ्टी टंयाकी | रू.२००० | प्रति टंयाकी सफाई ,चालक र ईन्धन समेत |
| २ | घुम्ती शौचालय | १०००(निजि प्रयोजन) | सार्वजनिक प्रयोजनमा नि:शुल्क । |
| ३ | संघसंस्था सुचीकृत शुल्क | रू.५००। | |

## नक्कल दस्तुर

गाउँपालिकाबाट नक्कल प्रमाणित गर्दा देहाय बमोजिमको नक्कल दस्तुर लिइनेछ।

(क) नक्सा पास सम्बन्धि प्रमाणपत्रको प्रतिलिपी रु.३००।

(ख) घरको नक्साको प्रतिलिपी रु.३००।

(ग) व्यवसाय प्रमाण पत्रको प्रतिलिपी रु.३००।

(घ) अन्य प्रमाणको प्रतिलिपी रु. १००।

(ङ) प्रमाणपत्र वाहेक अन्य कागजको प्रति पाना रु. १०।

**हटिया तथा गुद्रि बट्टी निम्न दरहरु कायम गरिएको छ।**

| बिवरण | दर | बिवरण | दर |
|---|---|---|---|
| क श्रेणीको चुरा चामल चट्टीदार पसल १ मा | १०।- | ख श्रेणीको चुरा चामल चट्टीदार पसल १ मा | १०।- |
| ग श्रेणीको चामल बट्टीदार पसल १ | ५।- | नून मात्र बेच्ने पसलमा | ५।- |
| सिलाई मेसिन प्रति पसल एक मसिनमा | ५।- | सावे डोरी बेच्ने पसल एकमा | ५।- |
| चुना मथबोझी हाडी, छाछीमा | ५। | दाउरा बैल गाडीमा | १५। |
| दाउरा थोक राख बेच्नेपसल | १०। | दाउरा भार एकमा | ५। |
| दाउरा मथबोझी एकमा | ५। | बाँस प्रति गोटा | ५। |
| पहाडी बाँस प्रति बोझ एकमा | ५। | | |
| | | खर प्रति गाडी एकमा | १५। |
| जलपान चमेना पसल एकमा | १०। | खर एक बोझा | ५। |
| जलपान चमेना पसल ढाकीमा | ५। | पिठो मात्र पसल | ५। |
| पान ढोली, थोक बिक्री गर्ने पसल | ५। | सखर गुड बेच्ने पसल | ५। |
| दही भारवाला पसलमा | ५। | दवाई जडिबुटि बेच्ने | २०। |
| खुर्पी, हसुवा, चक्कु आदी फलामे पसल | २०। | खुर्पी, हसुवा मात्र बेच्नेलाई | १०। |
| झाडु, कुचो, खररा पंति पसल | ५। | खैनी, सुर्ति, पिनि, कंकड प्रति पसल | १०। |
| पटेर, परालको गुन्द्री (पटिया) प्रति गोटा | ५। | पटेर, परालको पटिया थोक | १५। |
| नाङ्लो सुप प्रति पसल | १०। | खेलौना पसल | १०। |
| पेड, पौधाको बिरुवा बेच्ने पैति पसल | १५। | घ्यु टिना पसलमा | १०। |
| फाटा कम्पनीको कपडा बेच्ने | १५। | घ्यू खुद्रा बेच्ने | १०। |
| कपडा मिश्रित रेडिमेट पसल | १५। | कम्बल, राडी पसल | १०। |
| शब्जी बैल गाडी पसल एकमा | १५। | सब्जी चट्टिदार पसल छानाछाप्रोमा | १५। |
| बिज, बिजन बेच्ने प्रंति पसल | १५। | मट्टितेल, करु तेल खुद्रा बेच्ने पसल | १०। |
| आलु बोरा प्रति पसल | १५। | आलु सानो ढाकीमा बेच्ने | ५। |
| किराना सामान बेच्ने छानाछाप्रो भुई समेतमा | १०। | मसाला पसल | १०। |
| मनिहारी, लटकेना पसल | १०। | माटोको भाडा मथबोझी पसल | ५। |
| चुडी, लहठी समेतको पसल | १०। | बिस्कुट, चकटेल आइसक्रिम पसल | ५। |
| तेजपात पैति भार | ५। | काको रही, बेल्चा, चक्ला आदी बेच्ने | १०। |
| सनपाटको डोरी, सिक बेच्ने पसल | १०। | टोकरी, ढाकी, छिटा बेच्ने प्रति पसल | १०। |
| अत्तर, तेल, दवाई, साबुन आदी | १०। | अल्मुनियम, टिना, पित्तले द्रव्यको भाडा | १५। |
| पुस्तक बेच्ने प्रति पसल | १०। | दाढी कपाल काट्ने हजाम प्रति हजाम | १०। |
| चटक खेल तमासा प्रति जमात | २०। | छाता मर्मत गर्ने पसल | ५। |
| टर्च, ताला आदी मर्मत गर्ने | ५। | जुत्ता मर्मत गर्ने पसल | ५। |
| सुखेको खुर्सानी प्रति बोरा, भारमा | १०। | पिठो मात्र बेच्ने | ५। |

| **सुन्तला, कटहर, केरा जामुन, नासपाती, आँप** | | **माछा, मासु समेतको पसलमा** | |
|---|---|---|---|
| गाडी एकमा बेच्ने | | सबै किसिमको माछा ठुलो प्रति पसल | १५। |
| बोरा एकमा बेच्ने | २५। | माछा सानो सबै किसिमको ,, | १०। |
| भार एकमा बेच्ने | १०। | खसि, बोका पसल एकको | २०। |
| डोको एकमा बेच्ने | १०। | राँगा (भैस) को | ३०। |
| ढाकी एकमा बेच्ने | १०। | हाँस, मुर्गी प्रति गोटाको हिसावले बेच्ने | १०। |
| | ५। | परेवा प्रति जोडा | ५। |
| | | अण्डा | १०। |

**नोटः-** माल वाहेक हलुका तथा हैभी सवारी साधन हटिया भित्र पस्न मनाही गरिएको छ । अन्यथा हटिया बट्टी शुल्क जरिवाना वापत रु.३००। लाग्ने छ ।

**(घरधुरी कर)**

| करको किसिम | विवरण | करको दर |
|---|---|---|
| **धुरी कर** | आर.सि.सि घर | प्रतितला रु १५० बार्षिक |
| | जस्ताले छाएको पक्कि | वार्षिक रु १०० |
| | अन्य (कच्चि) | वार्षिक रु ५० |

**घर नक्सा पास र अभिलेखिकरण दस्तुरः-**

क) १००० वर्गफीट सम्मको नक्शा पास गर्दा प्रति वर्गफीट रु.२।०० ।
ख) २००० वर्गफीट वर्गफीट सम्मको नक्शा पास गर्दा प्रति वर्गफीट रु.२।५० ।
ग) २००० वर्गफीट भन्दा माथि नक्शा पास गर्दा प्रति वर्गफीट रु.३।००
घ) जस्ता,पाता ,टायलको छानो भएको संरचनाको नक्शा पास प्रति ब.फीट रु.१।–
ङ) पर्खाल प्रति रनिङ फीट रु. ५।–
च) घर नकशा निरीक्षण तथा सर्जमिन दस्तुर रु.४००।–
छ) प्रमाण पत्र दस्तुर रु.१००।–
ज) उजुरी दस्तुर रु.२५०।–
झ) जग्गा नाप जाँच दस्तुर रु.५००।–
ञ) काठ वा फुसको घर रु. ५००।–

**सरसफाई शुल्क :**

गाउँपालिका क्षेत्रको सरसफाईको लागि सरसफाई तथा फोहरमैला व्यबस्थापन ऐन तथा प्रचलित ऐन,कानुन वमोजिम सरसफाई शुल्क निर्धारण गरिने छ ।

**एमबुलेन्स भाडा दरः**

१. भगवतपुर देखि पालिका भित्र रु. ३००।
२. भगवतपुर देखि राजविराज सम्म रु. १०००।
३. भगवतपुर देखि विराटनगर/धरान सम्म रु. ४०००।
४. भगवतपुर देखि जनकपुर सम्म रु. ८०००।
५. भगवतपुर देखि काठमाण्डौ सम्म रु. १९०००।

यसमा नपरेका स्थानको लागि प्रति किलोमिटर रु. ३० का दरले शुल्क लाग्नेछ । सर्पदंश, दैवीप्रकोप, गाडी दुर्घटना र सुत्केरी व्यथा लागेको गर्भवती महिलाहरुको लागि नि शुल्क एम्बुलेन्स सेवा दिइनेछ ।